# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, कार्तिक २० गते, २०८२ साल (संख्या ०९

## भाग २

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

**आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश, २०८२**

**प्रस्तावना:** प्रदेशस्तरको आयुर्वेद स्वास्थ्य सेवामा प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्न, प्रदेश सरकार मातहत

सञ्चालित आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट चुस्त, दुरुस्त र प्रभावकारी रुपमा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउन व्यवस्थापन समिति गठन गर्न वाञ्छनीय भएकाले,

प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो गठन आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश, २०८२" रहेको छ ।

(२) यो गठन आदेश गण्डकी प्रदेशभर लागु हुनेछ ।

(३) यो गठन आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आयुर्वेद स्वास्थ्य संस्था" भन्नाले गण्डकी प्रदेश सरकार मातहत रहेका र पछि स्थापना हुने आयुर्वेद स्वास्थ्य संस्था, औषधालय, अस्पताल, चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य केन्द्रहरू समेतलाई सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने विषयगत मन्त्रालय सम्झनुपर्छ ।

(घ) "मन्त्री" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने विषयगत मन्त्रालयको मन्त्री सम्झनुपर्छ ।

(ङ) "सचिव" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने विषयगत मन्त्रालयको प्रदेश सचिव सम्झनुपर्छ ।

(च) "कोष" भन्नाले दफा ८ बमोजिमको कोष सम्झनुपर्छ ।

(छ) "गठन आदेश" भन्नाले आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश, २०८२ सम्झनुपर्छ ।

(ज) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।

३. **समितिको गठनः** (१) प्रदेश सरकार अन्तर्गतका आयुर्वेद स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक आयुर्वेद स्वास्थ्य संस्थामा देहाय बमोजिमका पदाधिकारी रहेको व्यवस्थापन समिति गठन गरिनेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनित गरेको -अध्यक्ष

(ख) आयुर्वेद स्वास्थ्य संस्था रहेको सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य -सदस्य

(ग) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्ति मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(घ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(च) आयुर्वेद स्वास्थ्य संस्था प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ग) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ग) बमोजिम मनोनित सदस्य भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्रि वितरण तथा निकासी वा पैठारी, सम्पति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको एवं नीजि अस्पतालको सञ्चालक वा आधारभूत शेयरधनी नरहेको हुनु पर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक त्रैमासिक रुपमा कम्तीमा एक पटक बस्नेछ ।

(२) अध्यक्षसँग समन्वय गरी सदस्य सचिवले समितिको बैठक आह्वान गर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम मनोनित अध्यक्ष अनुपस्थित भई बैठक बस्न नसकेमा खण्ड (ख) बमोजिम सदस्यको अध्यक्षतामा बैठक बस्न सक्न सक्नेछ ।

(४) बैठकको एजेण्डा सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै समिति सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(५) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रको विषय विज्ञलाई समिति बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानि बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत सक्नेछ । उपदफा (५) बमोजिम आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन ।

(८) समितिले प्रचलित कानूनको अधिनमा रहेर निर्णय गर्नुपर्नेछ । साथै समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरेपछि मात्र कार्यान्वयन हुनेछ र समितिको प्रमाणित निर्णय सात दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(९) पदाधिकारीहरुको बैठक भत्ता प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड बमोजिम हुनेछ। एक त्रैमासिकमा अधिकतम तीन पटकको मात्र बैठक भत्ता भुक्तानी हुनेछ। पदाधिकारीहरुलाई बैठक भत्ता बाहेक अन्य कुनै पनि सुविधा उपलब्ध हुनेछैन।

(१०) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

५. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयुर्वेद स्वास्थ्य संस्थाको समग्र विकास लागि सरोकारवालासँग समन्वय एवं सहकार्य गरी गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(ख) आयुर्वेद स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारको लागि स्थानीय स्तरमा आवश्यक पर्ने स्रोत र साधनको पहिचान र व्यवस्थापन गर्ने,

(ग) आयुर्वेद स्वास्थ्य संस्थाको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग गर्ने,

(घ) लागत अनुमान समेतका आधारमा आयुर्वेद स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्न लगाउने,

(ङ) आयुर्वेद स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(च) प्रचलित स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन निर्देशिका बमोजिम आयुर्वेद स्वास्थ्य संस्थाको फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाउने,

(छ) आयुर्वेद स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई कार्यस्थलमा सुरक्षाको प्रत्याभूति गर्न सरोकारवालासंग समन्वय गर्ने,

(ज) गरिव, विपन्न, जन आन्दोलनका घाइते, शहिद तथा वेपत्ताका परिवार, वेवारिसे, असहाय बिरामीको लागि निःशुल्क उपचार सम्बन्धी मापदण्ड/कार्यविधि बनाई मन्त्रालयबाट स्वीकृत गराएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(झ) बैठकको निर्णय बेगर र प्रचलित कानूनको प्रतिकुल हुने गरी आयुर्वेद स्वास्थ्य संस्थामा थप आर्थिक दायित्व सिर्जना हुने कार्य नगर्ने,

(ञ) पच्चिस शैय्याका आयुर्वेद स्वास्थ्य संस्थाहरुले स्थानीय आवश्यकता प्राथमिकीकरण गरी विशेषज्ञ सेवा सञ्चालनको व्यवस्था मिलाउने,

(ट) मन्त्रालयले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

६. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) आयुर्वेद स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय बनाउनको लागि आवश्यक पर्ने स्रोत/साधन जुटाउने,

(ग) तीनै तहको सरकार र स्थानीय सरोकारवालासंग आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(ङ) आयुर्वेद स्वास्थ्य संस्थाको सेवा प्रवाह सम्बन्धमा प्राप्त सेवाग्राहीको गुनासो सम्बोधन गर्ने/गराउने ।

७. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) आयुर्वेद स्वास्थ्य संस्थाको दैनिक प्रशासनीक, आर्थिक तथा चिकित्सीय कार्यहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ग) आयुर्वेद स्वास्थ्य संस्थाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटलाई मितव्ययी र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने,

(घ) समितिको निर्णय प्रमाणिकरण गरी कार्यान्वयनको प्रक्रियामा लैजाने,

(ङ) आयुर्वेद स्वास्थ्य संस्थाको सम्पत्तिको सुरक्षा, संरक्षण एवं आवश्यक रेखदेख गर्ने/गराउने,

(च) एजेण्डाहरु तयार गरी अध्यक्षसँगको समन्वयमा बैठक बोलाउने,

(छ) समितिले गरेको निर्णय अनुरुपका अन्य आवश्यक कार्यहरु गर्ने/गराउने ।

८. **समितिको कोष सञ्चालन एवं खर्च सम्बन्धमाः** (१) समितिको कोष प्रदेश लेखा नियन्त्रक / कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गत विविध खातामा रहनेछ।

(२) समितिको खातामा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट आयुर्वेद स्वास्थ्य संस्था सञ्चालनको लागि व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) आयुर्वेद स्वास्थ्य संस्थाले सेवा प्रदान गरे बापत प्राप्त हुने सेवा शुल्क,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृति लिनुपर्नेछ।

(४) समितिको खाता आयुर्वेद स्वास्थ्य संस्थाको प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(५) समितिका पदाधिकारीहरुलाई गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध गराउनु पर्नेछ। तर एक त्रैमासिकमा तीन पटक भन्दा बढी बैठक बसेमा सो बापतको बैठक भत्ता उपलब्ध हुनेछैन।

(६) कोषको रकम समितिको बैठकको निर्णय अनुसार प्रचलित कानून बमोजिम खर्च गर्नुपर्नेछ।

(७) समितिको कोषमा जम्मा हुन आएको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ । प्रयोजन नखुलेको कोषको रकम समितिबाट निर्णय गरे बमोजिम हुनेछ।

(८) आयुर्वेद स्वास्थ्य संस्थाको वार्षिक कुल अनुमानित नगद आम्दानी (स्वास्थ्य बीमा बाहेक) को पन्ध्र प्रतिशत रकम अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२ को दफा १० बमोजिमको कोषमा योगदान गर्नु पर्नेछ। यसरी योगदान पछि बाँकी रहने रकम सोही कार्यविधिको अनुसूची-१ अनुसार बाँडफाँट गर्नुपर्नेछ ।

(९) कोषको रकमबाट संस्थामा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक, स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ।

(१०) उपदफा (९) बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउँदा आयुर्वेद स्वास्थ्य संस्थाको आम्दानीको आधारमा विशेषज्ञता भएका चिकित्सकलाई अधिकतम प्रचलित तलव स्केलको अतिरिक्त थप शत प्रतिशत, चिकित्सकलाई पचास प्रतिशत, नर्सिङ लगायतका स्वास्थ्यकर्मीलाई पच्चिस प्रतिशत र अन्य कर्मचारीलाई पन्ध्र प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ।

(११) प्रत्येक आर्थिक वर्षको लागि समिति तर्फको बार्षिक बजेट तथा कार्यक्रम कार्ययोजना तयार गरी सदस्य सचिवले श्रावण महिनाको पहिलो हप्ताभित्र मन्त्रालयमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ र मन्त्रालयले आवश्यकता अनुसार संशोधन सहित श्रावण मसान्त भित्र स्वीकृत गरी पठाउनुपर्नेछ।

(१२) उपदफा (११) बमोजिमको बार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था आएमा समितिको निर्णय र पुष्टयाईसहित स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

९. **<u>जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः</u>** (१) समितिले आयुर्वेद स्वास्थ्य संस्थामा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि गर्नका लागि संस्थाको आन्तरिक श्रोतबाट व्यवस्थापन हुने गरी मन्त्रालयबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रदेश कानून बमोजिम जनशक्ति सेवा करारमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आयुर्वेद स्वास्थ्य संस्थामा देहाय बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) प्रमुख, आयुर्वेद स्वास्थ्य संस्था -संयोजक

(ख) मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक कार्यालय कोष तथा लेखा / नियन्त्रक कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) प्रमुख, प्रशासन शाखा, आयुर्वेद स्वास्थ्य संस्था (अनुपस्थित वा रिक्त रहेको अवस्थामा संयोजकले तोकेको आयुर्वेद स्वास्थ्य संस्थाको कर्मचारी) -सदस्य सचिव

(३) संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले अनुसूची - १ बमोजिमको ढाँचामा आयुर्वेद स्वास्थ्य संस्थाको आन्तरिक स्रोतबाट व्यवस्थापन हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन व्यवस्थापन समितिबाट निर्णय गराई स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृतिको लागि पेश भएको प्रतिवेदन मन्त्रालयको सचिवले थप/घट गरी स्वीकृत वा अस्वीकृत गरी सम्बन्धित आयुर्वेद स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ।

(६) सम्बन्धित आयुर्वेद स्वास्थ्य संस्थाले उपदफा (५) बमोजिम स्वीकृत दरबन्दीमा जनशक्ति आयुर्वेद स्वास्थ्य संस्थाको आन्तरिक स्रोतबाट सेवा

सुविधा उपलब्ध गराउने गरी प्रचलित कानूनले निर्धारण गरेको योग्यता पुगेको व्यक्ति उम्मेदवार हुने गरी खुला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको निर्णयबाट कुनै पनि कर्मचारीलाई स्थायी हुने गरी नियुक्त गर्न पाइने छैन।

(८) उपदफा (६) बमोजिम सेवा करारमा पदपूर्ति भएको जनशक्तिलाई नियमानुसार सेवा करार सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ।

(९) उपदफा (६) बमोजिम सेवा करारमा नियुक्ति हुने जनशक्तिको पारिश्रमिक, सेवाको शर्त र सुविधा सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस दफा बमोजिम सेवा करारमा रहेका जनशक्तिको कार्य सम्पादन सन्तोषजनक नभएमा वा आयुर्वेद स्वास्थ्य संस्थालाई उक्त जनशक्ति आवश्यक नभएमा जुनसुकै बेला सेवा करार रद्ध गरी सेवाबाट हटाउन सकिनेछ ।

(११) यस दफा बाहेक अन्य तरिकाबाट सेवा करारमा जनशक्ति राख्न पाइने छैन। यस दफा बाहेक अन्य तरिकाबाट सेवा करारमा जनशक्ति राखेमा जनशक्ति राख्ने पदाधिकारी/अधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१०. **<u>लेखा र लेखा परीक्षण सम्बन्धि व्यवस्थाः</u>** (१) आयुर्वेद स्वास्थ्य संस्थाको आय-व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) आयुर्वेद स्वास्थ्य संस्थाको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय / कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(३) समितिले प्रचलित कानून बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(४) मन्त्रालयले आवश्यकतानुसार आयुर्वेद स्वास्थ्य संस्थाको आर्थिक कार्यप्रणालीको अनुगमन र निरीक्षण गर्न सक्नेछ ।

११. **<u>अधिकार प्रत्यायोजनः</u>** समितिलाई प्राप्त अधिकारमध्ये आयुर्वेद स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम र आयुर्वेद स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि

मन्त्रालयमा पेश गर्ने बाहेक अन्य अधिकार समितिले आवश्यकता अनुसार अध्यक्ष वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **निर्देशन दिन सक्ने:** मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **कारवाही गर्न सक्ने:** दफा ३ को उपदफा (१) खण्ड (क) र (ग) बमोजिम मनोनित सदस्यले दफा १२ बमोजिमको निर्देशन पालना नगरेमा, पदीय जिम्मेवारी पुरा नगरेमा, प्रचलित कानूनको प्रतिकुल हुने निर्णय वा कार्य गरेमा, आयुर्वेद स्वास्थ्य संस्थालाई हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यहरु गरेमा मन्त्रालयले सात दिने लिखित स्पष्टिकरण सोध्न सक्नेछ र निजले पेश गरेको स्पष्टिकरण चित्त बुझ्दो नभएमा वा नलागेमा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त भएको व्यक्तिलाई मन्त्रालयले पदबाट हटाउन सक्नेछ र दफा ३ को उपदफा (१) खण्ड (क) बमोजिम नियुक्त भएको व्यक्तिको हकमा पदबाट हटाउनको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

१४. **पद रिक्त रहने अवस्था:** देहायको अवस्थामा दफा ३ बमोजिम मनोनित अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्ष वा सदस्यले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) समितिलाई जानकारी नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) नैतिक पतन देखिने एवं फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,

(घ) निजको पदावधि समाप्त भएमा,

(ङ) निजलाई दफा १३ बमोजिम कारवाही गरी पदबाट हटाइएमा,

(च) निजको मृत्यु भएमा ।

१५. **अभिलेख तथा प्रतिवेदन:** (१) समितिले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनको स्थिति एवं आम्दानी र खर्चको विवरण, आयुर्वेद स्वास्थ्य संस्थाका सेवा र सेवाशुल्क, समितिका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था सहित आफुले सम्पादन गरेका सम्पूर्ण काम समेटि प्रतिवेदन तयार गरेर आर्थिक वर्ष समापन भएको पैचालिस दिनभित्र मन्त्रालयमा अनिवार्य पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा मन्त्रालयको चिकित्सा हेर्ने महाशाखाले एकीकृत प्रतिवेदन तयार गरी तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१६. **मन्त्रालयसँग सम्पर्कः** (१) समितिले मन्त्रालयसँग सम्पर्क राख्दा सम्बन्धित आयुर्वेद स्वास्थ्य संस्था मार्फत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पर्क राख्दा सम्बन्धित आयुर्वेद स्वास्थ्य संस्थाको आधिकारिक लेटरप्याड र सहिछाप प्रयोग गरी आयुर्वेद स्वास्थ्य संस्थाको प्रमुख मार्फत सम्पर्क राख्नुपर्नेछ । यसरी सम्पर्क गर्दा समितिको छुट्टै लेटर प्याड र सहिछाप आदि हुने छैन र प्रयोग गर्न समेत पाइने छैन ।

१७. **मार्गदर्शन, मापदण्ड बनाउन सक्नेः** मन्त्रालयले यस गठन आदेश कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, मापदण्ड जारी गर्न सक्नेछ ।

१८. **बाधा अड्काउन फुकाउन सक्नेः** यस गठन आदेशको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **संशोधनः** प्रदेश सरकारले यस गठन आदेशमा आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा

भाग — १

### परिचय

१. अध्ययनको पृष्ठभूमी :

२. समितिको गठन :

३. अध्ययनको उदेश्य :

४. अध्ययनको विधि र सिमा :

भाग — २

### मौजुदा दरवन्दी

मौजुदा दरवन्दी र पदपूर्तिको अवस्थाको विश्लेषण :

भाग — ३

### विश्लेषण र औचित्य

कार्यबोझ र कार्यप्रकृतिको विश्लेषण :

भाग — ४

### प्रस्तावित दरवन्दी, वित्तीय विश्लेषण र सिफारिस

१. आयुर्वेद स्वास्थ्य संस्थामा थप गर्नु पर्ने प्रस्तावित दरवन्दी तेरिजको विवरण :

२. आयुर्वेद स्वास्थ्य संस्थाको आन्तिरिक आय र प्रस्तावित दरवन्दी तेरिजबाट आयुर्वेद स्वास्थ्य संस्थाको आन्तरिक श्रोतमा पर्न जाने वित्तीय व्यय भारको विश्लेषण :

३. अन्य सुझाव, सिफारिस र निष्कर्ष :

आज्ञाले,
डा. विश्व बन्धु बगाले
प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु २५।-